
# नेपालको बजेटमा बालबालिकाको शिक्षा अधिकार

## शिक्षामा बजेटको उपलब्धता

सरकारको प्राथमिकताले कसले विद्यालय शिक्षा आर्जन गर्न सक्ने र कसले नसक्ने भन्ने विषय निर्धारण गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निःशुल्क भनी समग्र विद्यालय शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेतापनि गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न सकिएको छैन । यद्यपि नेपालको संविधान, ऐन, नियम तथा योजनाहरूमा विद्यालय शिक्षालाई प्राथमिकतामा राखिएको पाइन्छ, तर सरकारी बजेटको उपलब्धता र परिचालनको दृष्टिकोणले सो प्राथमिकता पुष्टि गर्न सकेको देखिँदैन ।

कूल राष्ट्रिय बजेटको १५ देखि २० प्रतिशत तथा कूल ग्राह्स्थ उत्पादनको ४ देखि ६ प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने नेपाल सरकारको अन्तर्राष्ट्रिय मञ्चहरूमा घोषित नीति हो । तर, विगत १० वर्षको शिक्षा क्षेत्रमा विनियोजित बजेट अध्ययन गर्ने हो भने शिक्षा बजेट क्रमशः घट्दै गएको देखिन्छ । यस आर्थिक वर्ष (२०७८/७९)मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि कूल रु. १ खर्ब ८० अर्ब रकम विनियोजन गरिएको छ, जुन कूल राष्ट्रिय बजेटको १०.९३ प्रतिशत हुन आउँछ । यो हिस्सा अघिल्लो आर्थिक वर्षभन्दा ०.८ प्रतिशत कम हो ।




*स्रोत : विभिन्न वर्षका रातो किताब*

नेपालको शिक्षा क्षेत्रमा हासिल भएका उपलब्धिमा थप प्रगति र दिगो विकास लक्ष्यले दिएका अपेक्षाहरू पूरागर्ने आशयका साथ नेपाल सरकारले विगत केही वर्षयता विद्यालय क्षेत्र विकास कार्यक्रम (२०१६/१७-२०२२/२३) कार्यान्वयन गर्दै आइरहेको छ । सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पसहित यो कार्यक्रम सञ्चालनमा छ । यो कार्यक्रम कार्यान्वयनको समयसीमा अन्तिम अवस्थामा पुगेको र नेपाल सरकार शिक्षा मन्त्रालय लगायत सरोकारवाला पक्षहरू नयाँ शिक्षाक्षेत्र योजना निर्माणमा जुटिरहेको अवस्था छ ।


यद्यपि दिगो विकास लक्ष्य ४ ले लिएका उद्देश्यहरू सन् २०३० सम्ममा पूरागर्न प्रतिवर्ष लगभग रु. ५ खर्ब ८५ अर्ब रकम अपुग देखिन्छ । राष्ट्रिय योजना आयोग (२०२०) का अनुसार यो वर्तमान (सन् २०२१) कूल ग्राह्स्थ उत्पादनको १२.३ प्रतिशत हुन आउँछ । यस अर्थमा दिगो विकास लक्ष्य ४ को कार्यान्वयनमा रकमको स्रोत अपुग देखिएको छ । नपुग रकम कहाँबाट खोज्न सकिन्छ भन्ने कुरामा सरकार स्पष्ट हुन सकेको छैन । फलस्वरूप निःशुल्क शिक्षा भनिए तापनि बालबालिकाको गुणस्तरीय शिक्षा अधिकार परिपूर्तिका लागि अभिभावकहरूले विभिन्न शीर्षकमा पैसा तिर्नुपर्ने बाध्यता छ । यस्तो अवस्थामा यस कार्यक्रमप्रति सरकारी प्रतिबद्धताबारे गम्भीर प्रश्न र बहस आजको आवश्यकता बन्न पुगेको छ ।

## शिक्षा बजेटको तहगत विनियोजन

यस आर्थिक वर्षमा कूल ६० अर्ब ११ करोड रकम केन्द्रीय स्तरमा विनियोजन भएको देखिन्छ। सोमध्ये, सबैभन्दा धेरै आन्तरिक स्रोतबाट (४४ अर्ब १० करोड) र अरु रकम बैदेशिक अनुदान (४ अर्ब ८ करोड) र बैदेशिक ऋण (११ अर्ब ३१ करोड) बाट परिपूर्ति गर्ने व्यवस्था मिलाइएको छ। शिक्षा क्षेत्रमा लगानीको ढाँचा हेर्दा सरकार प्रमुख लगानीकर्ताका रूपमा रहेको देखिएता पनि लगानीको लगभग सबै अंश शिक्षक तथा कर्मचारीको तलब भत्ता शीर्षकका लागि मात्र हो। चालु आर्थिक वर्षको बजेटले चालु खर्चमा थप वृद्धि गरेको छ, तर यसबीचमा दातृनिकायबाट थप प्रतिबद्धता आएको छैन र यी दुवै वास्तविकता र बढ्दो मुद्रास्फीतिले शैक्षिक लगानीको समग्र फेरबदल ल्याउनुका साथै कार्यक्रम खर्चमा दातृनिकाय माथिको निर्भरता अझ बढाउँछ। यस आर्थिक वर्षमा पनि ९९ प्रतिशत बजेट रकम (५९ अर्ब ७३ करोड) चालुखर्चका लागि छुट्याइएको छ। जबकि शैक्षिक गुणस्तर सुधार र व्यवस्थापनका अन्य सबै पूँजीगत खर्चहरू मूलतः दातृ सहयोगबाट व्यहोरिने अपेक्षा गरिएको छ। शिक्षा बजेटको यस्तो अवस्था र व्यवस्थाबाट कसरी नेपालले दिगो विकास लक्ष्य हासिल गर्न सक्छ ? यो प्रश्न निरन्तर उठाउनु हरेक सचेत नागरिकको कर्तव्य हुन आउँछ।

संघीय कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने व्यवस्था संविधानको धारा ५९ ले गरेतापनि शिक्षा बजेटको ठूलो हिस्सा संघीय सरकारले बनाउने राष्ट्रिय बजेटमा निर्भर रहँदै आएको छ। विगत चार वर्षको शिक्षा बजेटको तहगत विनियोजनलाई विश्लेषण गरेर हेर्दा स्थानीय तहलाई गत आर्थिक वर्ष (२०७७/७८) मा कूल शिक्षा बजेटको ६४.३१ प्रतिशत बजेट छुट्याइएकोमा यस आर्थिक वर्ष (२०७८/७९) मा घटाएर ६३.८२ प्रतिशतमा झारिएको छ। विद्यालय शिक्षा सुधार तथा गुणस्तर अभिवृद्धिको संवैधानिक दायित्व स्थानीय सरकारमा रहेको सन्दर्भमा यसरी घट्दै गएको बजेटको हिस्साले स्थानीय तहलाई सशक्तीकरण गर्नुको साटो निरूत्साहित बनाएको छ। फलस्वरूप संघीय बजेटको हिस्सा बढेर ३३.३८ प्रतिशत पुगेको छ, जुन गतवर्ष ३२.७२ प्रतिशत थियो।

**विभिन्न तहमा रहेका सरकारको शिक्षा बजेटको प्रतिशत**




*स्रोत : रातो किताब, २०२१/२२*

संघीय संरचनाअनुरूप विद्यालय शिक्षासम्बन्धी संवैधानिक दायित्व पूरागर्ने दिशातर्फ स्थानीय तहलाई सशक्तीकरण गर्नुपर्ने अवस्थामा संघीय सरकारले आफ्नै कार्यक्रम बनाई बजेटको ठूलो हिस्सा आफैसँग राख्नु विरोधाभाषपूर्ण देखिन्छ। त्यसैगरी यस आर्थिक वर्षमा कूल शिक्षा बजेटको २.७९ प्रतिशत हिस्सा प्रदेशको लागि विनियोजन गरिएको छ।

संविधानको धारा ६० र अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम राष्ट्रिय प्राकृतिक कोष तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीयतहले समेत राज्यस्रोतबाट अनुदान प्राप्त गर्दछ। जसमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, र विशेष अनुदान पर्दछन्।

**प्रदेश तथा स्थानीय तहलाई अनुदानस्वरूप प्रदान गरिएको बजेटको ढाँचा**

(रु. अर्बमा)

| बजेट प्राप्त गर्ने तह | कुल रकम | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान |
|---|---|---|---|---|---|
| प्रदेश | १०३.७०२५ | ५७.९५४८ | ३५.८७३१ | ५.७२४६ | ४.१५ |
| स्थानीय तह | २८३.०१४७ | ९४.५५७८ | १७३.४९८५ | ६.६४८३ | ८.३१०१ |
| महानगरपालिका | १०.०९२८ | ३.२४९५ | ६.३२११ | ०.३२०१ | ०.२०२१ |
| उपमहानगरपालिका | ९.७६८४ | ३.६१९४ | ५.७१७६ | ०.२१९० | ०.२१२४ |
| नगरपालिका | १२३.९६०६ | ४१.१०१३ | ७६.९९६६ | २.६००५ | ३.२६२२ |
| गाउँपालिका | १३९.१९२९ | ४६.५८७६ | ८४.४६३२ | ३.५०८७ | ४.६३३४ |
| **जम्मा** | ३८६.७१७२ | १५२.५१२६ | २०९.३७१६ | १२.३७२९ | १२.४६०१ |


*स्रोत : अन्तरसरकारी वित्तीय स्थानान्तरण २०२१/२२*

गत आर्थिक वर्षमा स्थानीय तहले प्राप्त गरेको कूल बजेटमध्ये सशर्त अनुदानको हिस्सा गतवर्ष ८१.५८ प्रतिशत थियो, जुन यस आर्थिक वर्ष (२०७८/७९) मा ८२.८६ प्रतिशत रहेको छ (Action Aid and Aarambha Policy Lab 2021) । स्थानीय तहले शिक्षाको क्षेत्रमा प्राप्त गर्ने अनुदानको ठुलो हिस्सा सशर्त अनुदानको भएको हुनाले प्रत्येक पालिकाले आफ्नो परिवेश तथा आवश्यकता अनुरुप स्वतन्त्र ढंगबाट शिक्षासम्बन्धी योजना बनाई कार्यान्वयन गर्नसक्ने अवस्था छैन ।

## कुन शैक्षिक क्षेत्रमा कति बजेट ?

कूल शिक्षा बजेटलाई ६ वटा विभिन्न शीर्षक अन्तर्गत विनियोजन गरिएको पाइन्छ । जसमध्ये यस आर्थिक वर्षमा सबैभन्दा धेरै (३३.५७ प्रतिशत) हिस्सा पूर्वप्राथमिक तथा प्राथमिक शिक्षाको लागि छुट्याइएको छ, जसको कार्यान्वयनको मुख्य दायित्व स्थानीय तहमा रहेको छ । त्यसैगरी कूल शिक्षा बजेटको २८.३२ प्रतिशत हिस्सा शिक्षामा सहायक सेवाअन्तर्गत राखिएको छ, जसको कार्यान्वयन संघीय सरकारले गर्दै आएको छ । यद्दपि, यो बजेट कति र कुन शीर्षकमा कसरी खर्च गरिन्छ भन्ने कुनैपनि सुचना सरकारी रातो किताबले दिन सक्दैन । त्यसैगरी शैक्षिक अनुसन्धान तथा विकासका लागि सबैभन्दा थोरै (०.०११ प्रतिशत) बजेट छुट्याइनुले पनि सरकारको प्राथमिकतामा अनुसन्धान तथा शैक्षिक विकास परेको मान्न सकिन्दैन ।

**विभिन्न शीर्षकमा विनियोजित शिक्षा बजेट २०७८/७९ को अवस्था**




*स्रोत : रातो किताब, २०२१/२२*

गत आर्थिक वर्षको तुलनामा यसवर्ष अनौपचारिक शिक्षाको लागि बजेटको हिस्सा (११.४० प्रतिशत) कम भएको छ। कोभिड १९ का कारण सिर्जित विश्वव्यापी माहामारीले नेपालमा पनि धेरै बालबालिका तथा युवाहरू विद्यालय छाड्न बाध्य भए । उनीहरूलाई पुनः विद्यालय शिक्षा वा अनौपचारिक शिक्षाको पहुँचमा पुऱ्याउनुपर्ने चुनौती हामी माझ विद्यमान रहेको अवस्थामा यसरी घटेको शिक्षा बजेटले थप जटिलता सिर्जना गरेको छ । अधिकांश साना बालबालिकाहरू प्रविधिको पहुँचमा पुग्नसकेका छैनन् । हालै दुई स्थानीय तहमा गरिएको अध्ययन अनुसार ८० प्रतिशतभन्दा बढी विद्यार्थीहरू प्रविधिमा आधारित शिक्षण सिकाईको अवसरबाट वञ्चित भएको देखिन्छ भने करीब ५ प्रतिशत सामुदायिक विद्यालयहरू मात्र इन्टरनेट तथा अन्य डिजिटल सामग्रीको पहुँचमा रहेको पाइन्छ। (ActionAid and Aarambha Policy Lab 2021)

त्यसैगरी, यस आर्थिक वर्ष (२०७८/७९) को सरकारी नीति तथा कार्यक्रममा उल्लेख भएबमोजिम, बजेटको ठुलो हिस्सा (रु. १० अर्ब) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि छुट्याइएको छ। सो कूल रकमको ६४.५ प्रतिशत वैदेशिक ऋणबाट परिपूर्ति गर्ने सरकारको योजना छ। यो बजेट विशेषतः शिक्षाको भौतिक विकासतर्फ लक्षित रहेतापनि स्थानीय सरकारको संलग्नता, प्राथमिकता तथा आवश्यकतालाई भन्दा पनि संघीय सरकारको चाहनालाई परिपूर्ति गर्नेतर्फ कार्यक्रम केन्द्रीत रहेको सरोकारवालाहरूको टिप्पणी पाइन्छ। बालमैत्री तथा अपाङ्गतामैत्री विद्यालयको संरचना अभावमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरू अझैपनि विद्यालय बाहिर रहनुपरेको अवस्थामा स्थानीय सरकारको भुमिकालाई संकुचित बनाई कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमले अपेक्षित उपलब्धि हासिल गर्ने विषयमा धेरै प्रश्न चिन्ह खडा भएको छ।

विगत चार वर्ष यता नेपाल सरकारले बजेटलाई लैङ्गिक दृष्टिकोणबाट हेर्न थालेको पाइन्छ । गत आर्थिक वर्षकै हाराहारीमा यस वर्ष (२०७८/७९) पनि कूल शिक्षा बजेटको ६७.७६ प्रतिशत प्रत्यक्ष र ३२.०२ प्रतिशत अप्रत्यक्षरूपमा लैङ्गिक विषय सम्बोधन गर्ने कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले रकम विनियोजन गरेको अवस्था छ। यसबाट सरकारले शिक्षा क्षेत्रमा लैङ्गिक सम्वेदशीलता देखाएता पनि आधारभूत शिक्षा पूरा नहुदै आर्थिक विपन्नता, पारिवारीक अवस्था, विभेदजन्य मूल्यमान्यता, बालिकामैत्री संरचना तथा सुविधाको अभाव आदि विभिन्न कारणले बालिकाहरू विद्यालय छाड्ने दरमा कमी आउन सकेको छैन। बालिका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको हकमा वर्तमान कार्यक्रम तथा बजेटको ढाँचाले सम्बोधन नगरेका कारण उनीहरू बीचमै पढाई छाड्न बाध्य छन् ।

## शैक्षिक गुणस्तर र लगानी

विद्यालय क्षेत्र विकास कार्यक्रम तथा दिगो विकास लक्ष्य ४ ले सिकाइलाई समतामूलक, गुणस्तरीय तथा उपयोगी र सान्दर्भिक बनाउने उद्देश्य लिएको छ। तर यसको व्यवहारिक कार्यान्वयनमा देखिएका स्रोतजन्य चुनौतीहरूले सरकारको प्राथमिकतामा सार्वजनिक शिक्षाको गुणस्तर पर्न नसकेको अनुभुति हुन्छ। फलस्वरूप विद्यालय शिक्षा प्रणालीको आन्तरिक सक्षमतामा सुधार हुन सकेको स्थिति छैन। विद्यार्थीहरूको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी आउन सकेको छैन। पछिल्लो सरकारी तथ्याङ्क (फ्लास १ रिपोर्ट २०७५) अनुसार कक्षा एकमा ड्रपआउट दर अधिक रहनुका साथै १२.८ प्रतिशतले सोही कक्षा दोहोऱ्याएको पाइन्छ। त्यसैगरी ४१.६ प्रतिशत बालबालिका कक्षा १० नपुग्दै विद्यालय छाड्ने गरेका छन् भने कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी सँख्याको करीब आधामात्र कक्षा १० मा पुग्ने गरेको तथ्याङ्कले देखाउँदछ। अर्थात हाम्रो लगानीको अधिकांश हिस्सा खेर गएको देखिन्छ। शिक्षामा भएको लगानीलाई कसरी उपलब्धिमूलक बनाउने ? लगानीलाई कसरी समतामूलक तथा समावेशी बनाउने ? भन्ने विषयमा खासै चिन्तन भएको पाईदैन ।

विद्यार्थीको सिकाइ उपलब्धि मापनको नतिजा हेर्दा सिकाइस्तरमा खासै परिवर्तन आएको देखिँदैन। यसले प्राथमिक तथा आधारभुत शिक्षामा भएको लगानीको प्रभावकारितामाथि प्रश्न गर्ने ठाउँ दिएको छ। विद्यालयको खुद भर्नादरलाई देखाएर सरकार गुणात्मक विकासको दायित्वबाट पन्छनु मिल्दैन। तर बजेटको आकार हेर्दा, सङ्ख्यात्मक विकाससँगै गुणात्मक पक्षमा पनि सुधार आउँछ भन्न सकिने आधार देखिएको छैन।

## समावेशी शिक्षा र लगानी

शिक्षामा गरिएको लगानीबाट लैङ्गिक अनुपातमा सकारात्मक संकेतहरू देखिन थालेका छन् । तर हालका प्रावधानले शिक्षालाई वास्तवमै समावेशी बनाउन कतिको भूमिका निर्वाह गरेको छ भन्ने प्रश्नको उत्तर भने उत्तिकै सकारात्मक देखिँदैन । लैङ्गिक, जातिगत, आर्थिक तथा अन्य पृष्ठभुमिमा बालबालिकाहरूले विभेद भोगिरहेकै छन् । छात्रा तथा अन्य विपन्न समूहका लागि छात्रवृत्ति रकमबाहेक अन्य उल्लेख्य कार्यक्रमहरू वर्तमान योजना तथा बजेटमा छैन। विभिन्न अध्ययनअनुसार बालबालिका विद्यालय बाहिर रहनुका संरचनागत कारणहरू मध्ये वर्तमान सामाजिक/आर्थिक संरचनालाई मूलभूत कारणको रूपमा लिएको पाइन्छ। जबसम्म विद्यालयभन्दा बाहिर गएर सामाजिक संरचनाका क्षेत्रमा हस्तक्षेप (लगानी) गर्नुहुँदैन वा सकिदैन भन्ने शासकको मनोविज्ञानमा परिवर्तन ल्याउन सकिदैन, तबसम्म नेपाली समाजले समावेशी शिक्षाको क्षेत्रमा समस्या भोगिरहनुपर्ने देखिन्छ।

## शिक्षा बजेट कार्यान्वयनको पक्ष

पछिल्लो दशकमा भएका शिक्षा बजेटलाई अध्ययन गर्ने हो भने विनियोजित बजेटको मात्रा मात्र होइन यसको कार्यान्वयन पक्षसमेत चिन्ताजनक देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा शिक्षा क्षेत्रमा विनियोजित रु. ६५ अर्ब २८ करोड मध्ये सो आर्थिक वर्षभित्र कूल रकमको जम्मा ६०.४८ प्रतिशतमात्र खर्च गरिएको थियो। अर्थात करीब ४० प्रतिशत शिक्षाको बजेट फ्रिज हुन पुग्यो। यस प्रवृत्तिको निरन्तरताले सार्वजनिक शिक्षा झन धरासयी बन्ने खतरा पैदा भएको छ। यसबाट समेत शिक्षाप्रति हाम्रो शैक्षिक प्रशासन प्रणालीको उदासिनता दर्शाउँदछ र सार्वजनिक शिक्षा क्षेत्र प्रकारान्तरले राज्यको प्राथमिकतामा नपरेको पुष्टि गर्दछ। बजेट कार्यान्वयनमा देखिएको यो चुनौतिलाई गम्भीरतापूर्वक बहसको विषय बनाउनु नितान्त आवश्यक भइसकेको छ। बजेट कार्यान्वयन प्रक्रियामा कहाँ, कसरी, किन र कोबाट कमजोरी भयो ? किन यस विषयको संवेदनशीलतालाई सरकारको आधिकारिक निकायले बुझ्न र बुझाउन चाहँदैन ? बजेटको कार्यान्वयन नहुँदा शिक्षाको गुणस्तर, समतामूलक तथा समावेशी शिक्षा आदिमा कस्तो असर परिरहेको छ ? पारदर्शिता अपनाउनु पर्ने कि नपर्ने ? यसबाट सिर्जित समस्याको जवाफदेहिता कसको हो ? शिक्षाको बजेट कार्यान्वयनमा सुशासनको प्रत्याभुति कसरी हुन्छ ? समाधानका उपायहरु के हुन सक्छन् ? आदिजस्ता विषयलाई सार्वजनिक बहसको विषय बनाउन ढिला गरियो भने फेरीपनि त्यसको मूल्य हाम्रो सार्वजनिक विद्यालयमा पढ्ने ति तमाम् सीमान्तकृत तथा गरिबीमा रहेका बालबालिकाले विद्यालय छाडेर चुकाउनु पर्नेछ।

## शिक्षा अधिकारसम्बन्धी नेपालको प्रमुख कानून र नीतिगत व्यवस्था

नेपालको संविधान, २०७२ ले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारअन्तर्गत रहेको शिक्षा अधिकारलाई आधारभूत मानव अधिकारका रूपमा समावेश गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १५ ले बालबालिकाको शिक्षा अधिकारसम्बन्धी व्यवस्था गरेको छ। ऐन अनुसार, छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको

अधिकार हुने, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुने, प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत् शिक्षा पाउने अधिकार हुने, र दलित बालबालिकालाई छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुने उल्लेख गरिएको छ।

नेपालको शिक्षा ऐन, २०२८ (नवौं संशोधनसहित) ले प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने, नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन नपाउने, सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि सरकारले आवश्यक स्रोतको व्यवस्था गर्ने, दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने, गरिबीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने, विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन नपाउने जस्ता अधिकारमुखी व्यवस्थाको तर्जुमा गरेको छ।

त्यस्तै ऐनमा विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयमा अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन नपाउने व्यवस्था गरिएको छ। कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्नुपर्ने तथा पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने प्रावधान रहेको छ। ऐन कार्यान्वयनलाई सहजीकरण गर्न जारी शिक्षा नियमावली, २०५९ मा अनौपचारिक शिक्षा, विशेष शिक्षा र शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष व्यवहार गर्नुपर्ने दायित्व तोकिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को दफा ६ अनुसार, प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पुरा भई तेह्र वर्ष उमेर पुरा नभएको प्रत्येक बालबालिकालाई आधारभुत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने, चार वर्षको उमेर पुरा भएपछि कम्तीमा एकवर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने, स्थानीय तहले प्राकृतिक विपद्, दुर्घट्ना, आकस्मिक घट्ना लगायतका अन्य कारणबाट प्रभावित बालबालिकालाई सुरक्षित रूपमा आधारभुत तहसम्मको शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी दफा ७ मा प्रत्येक बालबालिकालाई निजको उमेरअनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनु पर्ने, आधारभुत तहसम्मको शिक्षा पुरा नगरी बालबालिकालाई पठनपाठनबाट बञ्चित गर्ने उद्देश्यले विद्यालयबाट छुटाउनु वा विद्यालय जानबाट रोक लगाउनु नहुने, आर्थिक, भौगोलिक वा शारीरिक, मानसिक अवस्था वा अन्य कुनै प्रतिकुलताका कारणले बालबालिकाहरू विद्यालय जान नसक्ने भएमा तोकिए बमोजिम आवासीय विद्यालयमा अध्ययन गर्ने व्यवस्था गर्न सकिने आदि व्यवस्था रहेका छन्।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभुत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउने लक्ष्य लिएको छ। यस नीतिमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने रणनीति अवलम्बन गरेको छ। यसका साथै सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने तथा विद्यालय तथा उच्च शिक्षामा तीनै तहका सरकारको लगानी बृद्धि गर्ने रणनीति समेत उल्लेख गरिएको छ।

## सरकारको दायित्व

विश्वव्यापी मानवअधिकारको घोषणा पत्र, १९४८ ले शिक्षालाई मानवअधिकारको रूपमा परिभाषित गरेको छ (धारा २६)। त्यसयता बनेका विभिन्न संयुक्त राष्ट्रसंघीय महासन्धि/अभिसन्धिहरूले शिक्षा अधिकारलाई विस्तृत रूपमा समेटेको पाईन्छ। नेपाल पक्षराष्ट्र रहेका तलका केही सन्धिजनित व्यवस्थाहरू नेपाल सरकारको दायित्व अन्तर्गत पर्दछन्।

१. **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

   धारा १३ बमोजिम सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा निःशुल्क उपलब्ध गराउनुपर्ने, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासमेत संलग्न गरी त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्ने, उच्च शिक्षा समान रूपले सबैको पहुँचमा पुग्ने बनाइनुपर्ने, प्राथमिक शिक्षा पूरा नगरेकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी गराउने, सबै तहमा पाठशाला प्रणालीको विकास, छात्रवृत्तिको पर्याप्त व्यवस्था हुनुपर्ने।

२. **बालअधिकार सम्बन्धी महासन्धि, १९८९**

   धारा २८ बमोजिम प्राथमिक शिक्षालाई अनिवार्य बनाई सबैलाई निःशुल्क उपलब्ध गराउने, साधारण तथा व्यवसायिक शिक्षालगायत विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने र प्रत्येक बालबालिकालाई सो शिक्षा निःशुल्क उपलब्ध गराउने र

आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने, विद्यालयहरूमा नियमित हाजिरी प्रोत्साहित गर्ने तथा पढाई छाड्नेहरूको सँख्या घटाउने उपायहरू अपनाउने ।

३. **महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९**

धारा १० बमोजिम, महिलालाई शिक्षाको क्षेत्रमा पुरूषसरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि महिला विरूद्ध हुने भेदभाव उन्मुलन गर्न सबै आवश्यक कदमहरू चाल्ने, पूर्व विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा एवं सबै प्रकारका व्यावसायिक प्रशिक्षणको उपलब्धतामा समानता ल्याउने, छात्रवृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदानसम्बन्धी समान अवसर उपलब्ध गराउने, पढाई छाड्ने छात्राहरूको संख्यालाई घटाउने तथा अपरिपक्वातावश विद्यालय छाडेका बालिकाहरू तथा महिलाहरूको निमित्त शैक्षिक कार्यक्रमहरूको आयोजना गर्ने ।

४. **सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६९**

धारा ५ बमोजिम जातीय विभेदको अन्त्य गर्न र कानूनका अगाडि सबैको समानताको अधिकार प्रत्याभूत गर्न राज्यले विनाभेदभाव सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सेवाहरू प्राप्त गर्ने तथा शिक्षा तथा तालिमको अधिकार प्राप्त हुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने ।

५. **अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, २००६**

धारा ९ बमोजिम विद्यालयमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच हुनुपर्ने तथा धारा २४ अनुसार सबै तह र जीवनपर्यन्त सिकाइमा अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि समावेशी शिक्षा सुनिश्चित हुनुपर्ने, आफू बसेको समुदायमा अन्य व्यक्तिसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी, स्तरीय र निःशुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच कायम गर्ने अवस्था बनाउने कार्य राज्यको हुने ।

## शिक्षामा हुनुपर्ने उचित लगानी र सोको व्यवस्थापनलाई उपेक्षा गरिरहे त्यसले बालबालिकामा पर्ने प्रभाव :

- नेपालको सन्दर्भमा सबैलाई निःशुल्क शिक्षा त भनियो तर विपन्न वर्ग र सीमान्तकृत समुदायका बालबालिकालाई थप सहयोगको कुनै व्यवस्था गरिएन । जबसम्म यो समूहका लागि बालबालिकाको शिक्षासँग जोडेर सामाजिक सुरक्षाका कार्यक्रमहरू ल्याइँदैन, तबसम्म त्यहाँका बालबालिकाहरू विद्यालयको पहुँचबाहिर रहिरहन्छन् ।
- अति न्यून आय भएका समूहहरूका लागि दिवा खाजा, आवासीय विद्यालय, पोषाक भत्ता, किताबकापी, सन्दर्भ सामग्री तथा अन्य स्टेशनरीको व्यवस्था, एवं सामाजिक सुरक्षाजस्ता कार्यक्रममा जबसम्म आवश्यक बजेटको व्यवस्था हुँदैन, तबसम्म निःशुल्क शिक्षाको असर यस्ता समूहका बालबालिकामा पर्न सक्दैन ।
- जब शिक्षा सरकारको कम प्राथमिकतामा पर्दछ, त्यसबेला सार्वजनिक विद्यालयहरू थप कमजोर बन्न पुग्दछ । यस अवस्थामा निजी लगानी बढ्दै जान्छ र विद्यालय शिक्षाको निजीकरणमा पनि वृद्धि हुन्छ । व्यक्तिगत हैसियतअनुसार शैक्षिक प्रक्रिया र विषयवस्तुको छनौट हुन थालेपछि सामाजिक असमानता मौलाउँदै जान्छ । अहिले भइरहेको यही हो । यसबाट सीमान्तकृत समूदायका बालबालिका, विशेषगरी बालिकाहरूमाथि गरिएको विभेद अझ गहिरिँदै जानेछ ।
- कोरोना महामारीका कारण करीब २ वर्ष विद्यालय बन्दहुँदा लगभग ८१ लाख बालबालिका तथा युवाहरूको शिक्षामा प्रत्यक्ष असर पुग्न गयो । यद्दपि वैकल्पिक सिकाइका अवधारणा लागू गर्ने प्रयास भएता पनि पारिवारीक गरिबी एवं प्रविधिको पहुँचमा रहेका असमानताका कारण अधिकांश बालबालिकाहरू निरन्तर सिकाईको अवसरबाट वञ्चित रहेको तथ्य जगजाहेर छ । एकप्रकारले भन्ने हो भने अधिकांश ति बालबालिकालाई अब पुनः विद्यालयमा ल्याउन र टिकाउन चुनौतिपूर्ण हुनेछ । समुदायमा आधारित भई बनाइने योजना तथा आवश्यक स्रोतको अभावमा मूलतः सीमान्तकृत एवं न्यून आय भएका समुदायका बालबालिकाहरू, विशेषगरी बालिका र अपाङ्गता भएका समेत, विद्यालय छाड्न बाध्य हुनेछन् र पुनः बालश्रम, बालविज्याईं, बालविवाहजस्ता बालबालिका विरूद्धहुने हिंसा तथा सामाजिक अपराधको भुमरीमा पर्नेछन् ।

## मुख्य सन्देश

- प्रत्येक बालबालिकालाई संविधान तथा कानुनप्रदत्त गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्ने दायित्व सरकारको हो । यस दायित्व परिपूर्तिका लागि संघीय, प्रदेश तथा स्थानीय तहमा रहेका सरकारहरूले अन्तरसरकारी समन्वय तथा सहयोगमा आ-आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने संवैधानिक व्यवस्था छ । सार्वजनिक शिक्षाको क्षेत्रमा उचित लगानी र कुशल व्यवस्थापन बिना सरकारले आफ्नो कर्तव्य पूरा गरेको मान्न सकिँदैन ।
- गरिबी प्रभावित समुदायमा निःशुल्क शिक्षाको घोषणा त पुग्यो तर भौतिक पुर्वाधार, शिक्षक, शैक्षिक सामग्री, प्रविधि, सुशासन आदि पुग्न सकेन । एक तहको स्वीकार्य गुणस्तरका लागि सामुदायिक विद्यालयहरूमा भएको लगानी अपर्याप्त छ । अबका दिनमा शिक्षामा लगानी बढाई त्यसलाई सीमान्तकृत समुदाय र गरीबी प्रभावित क्षेत्रमा लैजानु पर्दछ ।

- शिक्षाको विकास अहिले पनि क्षेत्रगत रूपमा फरक अवस्थामा छ । गाउँ र शहरको शैक्षिक विकासको अवस्था फरक देखिन्छ । यस अवस्थालाई सम्बोधन गर्न शिक्षामा स्रोत थप गर्नुपर्छ र पुनः प्राथमिकीकरण गर्नु आवश्यक छ । यसो हुननसके ग्रामीण क्षेत्र थप वञ्चितिमा पर्ने निश्चित छ ।

- विद्यालय भर्ना, टिकाउ र सिकाइका निमित्त प्रत्यक्ष वा अप्रत्यक्षरूपमा परिवारले खर्च बेहोरिरहेको स्थिति विद्यमान छ । यस्तो अप्रत्यक्ष खर्चको भार गरीब र न्यून आय भएका परिवारलाई ठूलो समस्या हुने गर्दछ । बालबालिकाको शैक्षिक निरन्तरतालाई सहयोग पुऱ्याउन न्यून आय भएका अभिभावकका लागि आय आर्जनका अवसर सृजना गर्न पनि थप लगानी आवश्यक पर्ने दखिन्छ । अभिभावकको आयआर्जनमा सुधार गर्दै बालबालिकाको शिक्षालाई साँचो अर्थमा निःशुल्क र अनिवार्य बनाउनु वर्तमान आवश्यकता हो ।

- व्यवहारिकरूपमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क तथा अनिवार्य गर्नका लागि विद्यार्थीलाई कुनै पनि शुल्क नलाग्ने व्यवस्थाका साथमा शिक्षक, दिवा खाजा, छात्रवृत्ति, प्राथमिक उपचार र शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्छ । यसका लागि हालको विनियोजनलाई दोब्बर गर्नुपर्ने देखिन्छ ।

## नपुग रकमको आंकलन

| शीर्षक | विनियोजित रकम | आवश्यक कूल रकम | नपुग रकम |
|---|---|---|---|
| शिक्षक तलब | रकम (रुपैयाँमा) | रकम (रुपैयाँमा) | रकम (रुपैयाँमा) |
| प्राथमिक | ४१,०६४,८२२,०६६ | ५०,४४७,७८६,८२६ | ९,३८२,९६४,७६० |
| निम्न माध्यमिक | १०,३११,३९५,२५८ | १६,४७४,५५२,२५८ | ६,१६३,१५७,००० |
| माध्यमिक | ८,५२३,२८९,६७८ | १८,०३०,५६६,६७८ | ९,५०७,२७७,००० |
| **जम्मा** | **५९,८९९,५०७,००२** | **८४,९५२,९०५,७६२** | **२५,०५३,३९८,७६०** |
| पाठ्यपुस्तक | २४,६१,०४६,००० | २,९६६,२८९,९०० | ५०५,२४३,९०० |
| छात्रवृत्ति | २,१८१,११९,००० | ३,४६५,२९९,४०० | १,२८४,१८०,४०० |
| प्रारम्भिक बालविकास | २,०३२,५४५,००० | १५,१९९,६४१,६०० | १३,१६७,०९६,६०० |
| विद्यालय कर्मचारी | २,२९०,६०४,००० | १३,६६६,१२१,४३० | ११,३७५,५१७,४३० |
| दिवा खाजा | १,१७६,२३५,००० | २८,५४६,६३७,००० | २७,३७०,४०२,००० |
| बिमा | ० | ११,९२७,३१०,६०० | ११,९२७,३१०,६०० |
| स्टेशनरी | ० | १६,३३३,९२३,००० | १६,३३३,९२३,००० |
| विद्यार्थी पोशाक | ० | १७,३२६,४९७,००० | १७,३२६,४९७,००० |
| विसुयो अनुदान (तलब बाहेक) | १,८५२,२९८,००० | ३,४६५,२९९,४०० | १,६१३,००१,४०० |
| **जम्मा** | **११,९९३,८४७,०००** | **११२,८९७,०१९,३३०** | **१००,९०३,१७२,३३०** |
| **कूल जम्मा रकम** | **७१,८९३,३५४,००२** | **१९७,८४९,९२५,०९२** | **१२५,९५६,५७१,०९०** |

*स्रोत : शिक्षाका लागि राष्ट्रिय अभियानले सन् २०१८ मा गरेको अध्ययनमा आधारित (For details see: Kushiyait, Binay Kumar 2018)*

- लगानी र गुणस्तर एकअर्काको पर्यायवाची जस्तै हुन् । संघीय सरकारबाट प्राप्त रकमले मात्र स्थानीय तहले चाहेको गुणस्तरयुक्त उपलब्धि प्राप्त नहुन सक्छ । त्यसैले राज्यस्रोतको बाँडफाँड अन्तर्गत उपलब्ध हुने समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको समुचित उपयोग तर्फ स्थानीय तहले सक्रियता देखाउनुपर्दछ ।

- सार्वजनिक शिक्षाको सुनिश्चितताको निमित्त वित्तको व्यवस्था गर्न स्थानीय तहका सम्बन्धित सरोकारवाला पक्षहरूलाई स्थानीय साधन स्रोतको व्यवस्थापन र परिचालन गर्न क्षमता अभिवृद्धि गर्नुपर्ने तत्कालको आवश्यकता देखिएको छ ।

- शिक्षा क्षेत्रको बजेटमा बढ्दै गएको बेरूजु घटाई गुणस्तरीय सिकाइका आधारभुत पक्षहरूमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । शिघ्र र पारदर्शी बजेट कार्यान्वयनका लागि उचित संयन्त्र निर्माण गर्नुपर्ने वर्तमान आवश्यकतालाई तत्काल सम्बोधन गरिनुपर्दछ ।

- कठिन भुगोल र सीमान्तकृत बस्तीमा कक्षा ६ भन्दा माथिका विद्यार्थीहरूका लागि आवासीय प्रकृतिका र कक्षा ५ सम्म वैकल्पिक प्रकृतिका कार्यक्रम संचालन गर्न बजेटसहितको योजना बनाउनुपर्ने देखिन्छ ।

- शिक्षाको गुणस्तर विकासका लागि शिक्षकको उपलब्धता न्युनतम शर्त भएकोले शिक्षकको व्यवस्थापनलाई हरेक स्थानीय तहले उच्च प्राथमिकतामा राख्नु आवश्यकमात्र नभएर अनिवार्य छ । जम्मा आवश्यक शिक्षक र उपलब्ध शिक्षक संख्याको आधारमा स्थानीय तहले आफ्नो क्षेत्रभित्र थप के कति शिक्षक संख्या उपलब्ध गराउने हो सो कोलागि लगानी सुनिश्चित गरिनुपर्दछ ।

- स्थानीय सरकारले आफ्नो क्षेत्रमा अनिवार्य निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न गरीब घरपरिवार पहिचान गरी तिनीहरुलाई आर्थिक सहयोग उपलब्ध गराउनु पर्छ र सामाजिक सुरक्षाका योजना थप गर्दै बालबालिकाको शिक्षासँग जोड्नुपर्दछ । स्थानीय तहमा हाल उपलब्ध गराउदै आइरहेको छात्रवृत्ति लगायत प्रोत्साहन र सामाजिक सुरक्षाका सबै कार्यक्रम एकीकृतढंगबाट सञ्चालन गरिनु पर्दछ ।

- स्थानीय तहको शिक्षाको बजेट निर्माण, कार्यान्वयन र अनुगमनका क्रममा स्थानीय स्तरमा शिक्षाक्षेत्रमा कार्यरत नागरिक समाज संगठनहरूसँग निरन्तर समन्वय र सहकार्यको व्यवस्था मिलाइनु पर्दछ ।
- सार्वजनिक शिक्षाका लागि लगानी वृद्धि गर्न प्रगतिशील कर प्रणालीलाई स्थानीय तहमा लागू गर्ने व्यवस्था मिलाउनुपर्ने र स्थानीयरूपमा प्राप्तहुन सक्ने शैक्षिक लगानीका स्रोतहरूको पहिचान र व्यवस्थापनमा स्थानीय सरकारलाई सशक्तीकरण गरिनुपर्दछ ।
- स्थानीय तहमा बन्ने बजेटको दायरा वृद्धि गरिनु जरूरी देखिन्छ । यसका लागि रकम संकलनका स्रोतहरूको खोजी अनिवार्य छ । जस्तै, विभिन्न प्रकारका करहरुबाट संकलन हुने रकम, संघ वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा विशेष सहयोगबाट प्राप्त हुने रकम, विभिन्न सेवा शुल्क, चन्दा तथा सहयोग आदिबाट प्राप्त हुने रकम, आन्तरिक ऋणबाट प्राप्त हुने रकम आदि स्रोतको दायरा बढ्दै गएपछि स्थानीय तहको बजेटको आकारमा वृद्धि गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धितर्फ थप लगानी सुनिश्चित गर्न सकिन्छ ।

## श्रोत तथा सन्दर्भ सामग्री


एक्सनएड नेपाल र कोफ्सा-नेपाल (सन् २००९). विद्यालय क्षेत्र सुधार : छानिएका नौ मुद्दा । काठमाडौं : एक्सनएड नेपाल र समाज मामिला सरोकार नेपाल (कोफ्सा-नेपाल)

एनसिई नेपाल (सन् २०१३). बहसमा सार्वजनिक शिक्षा । काठमाडौं : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

वाग्ले, मनप्रसाद (सन् २०१८). संविधानमा शिक्षासम्बन्धी प्रावधानहरू, वर्तमान सन्दर्भमा स्थानीय सरकारको दायित्व र केही देशका अनुभवहरू । काठमाडौं : शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

शिक्षा नीति तथा अभ्यास केन्द्र (वि.सं २०७४). सन्दर्भ पुस्तक : विद्यालय शिक्षामा स्थानीय सरकार । काठमाण्डौ : शिक्षा नीति तथा अभ्यास केन्द्र

Action Aid Nepal and Aarambha Policy Lab (2021). *Report Giving an Overview of Existing Work Nepal's Budget Allocation and Spending on Public Services (e.g., Education)/ Social Protection and Economic Response during COVID-19 Pandemic*. Unpublished Document.

Kushiyait, Binay Kumar (2018). *Report on Financing Gap In Education: Context of ensuring the rights to education as envisioned in Constitution of Nepal*. Kathmandu: National Campaign For Education Nepal (NCE Nepal).

NCE Nepal (2021). *Analysis of Education Budget of Fiscal Year 2021/22*. Kathmandu: National Campaign For Education Nepal (NCE Nepal)

NCE Nepal (2021). *Analysis of the Budget of Province Governhments for F.Y 2021/22 : An educational Overview*. Kathmandu: National Campaign For Education Nepal (NCE Nepal)

Shrestha, Shubhendra Man (2021). *Policy scoping paper on children in need of special protection and their access to education in Nepal*. A study conducted for CZOP National Campaign. Unpublished document.

Shrestha, Shubhendra Man (2021). *Reducing Child, Early and Forced Marriage (CEFM) through Education: A review of policy interventions and stakeholders' responses to girl child in Nepal*. A study conducted for CZOP National Campaign. Unpublished document.



**थप जानकारीका लागि**

**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)**

बबरमहल, काठमाडौं

फोन नं. ९७७-१-६२०३००९, ०१-५३२३४२० । ईमेल : info@ncenepal.org.np



यो नीतिसार नेपालको शिक्षा क्षेत्रमा भएका लगानीमा केन्द्रित रही गरिएका अध्ययनमा आधारित भएर एनसिइ-नेपालका केन्द्रीय कार्यसमिति सदस्य शुभेन्द्रमान श्रेष्ठद्वारा तयार पारिएको हो ।



© एनसिई नेपाल, २०७८


NCE NEPAL

EDUCATION OUT LOUD
advocacy & social accountability

GPE Transforming Education

actionaid
NEPAL